नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# वन विभाग

बबरमहल,
काठमाडौ, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :- ०७४/७५
च.नं.:- ४५९

मिति २०७५/०२/१७

**विषय : समझदारी पत्र कार्यान्वयन सम्बन्धमा ।**

**श्री जिल्ला वन कार्यालय (सबै)**

उपर्युक्त विषयमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने राष्ट्रिय लक्ष्य र प्रतिवद्धतामा सहयोग पुऱ्याउन त्यस्ता कसूरहरुको प्रभावकारी अनुसन्धानका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र यस विभाग बीचमा मिति २०७५/०२/११ गते (शुक्रबार) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना बमोजिम समझदारी पत्रमा हस्ताक्षर भई कार्यान्वयनमा लैजान सहमति भएकोले उक्त समझदारी पत्रमा उल्लेख भएबमोजिम सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि आपसमा प्रभावकारी समन्वय, सहकार्य गर्दै प्रचलित कानूनको परिधिमा रही सूचनाहरु आदानप्रदान गर्ने, आ-आफनो क्षेत्राधिकारका विषयहरु शुक्ष्म रुपमा अनुसन्धान तथा अन्वेषण गर्न एक अर्कालाई सहयोग पुऱ्याउने रहेको हुँदा उक्त समझदारी पत्रमा उल्लेख भएबमोजिम सम्पत्ति शुद्धीकरण विभाग सित समन्वय, सहकार्य र आवश्यकताअनुसार सहयोग समेत लिई वन तथा वन्यजन्तु सम्बन्धी अपराधिक समूहहरुको समेत संगठित अपराधिक समूह वा व्यक्तिका बारेमा थप प्रभावकारी अनुसन्धान गरी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी वित्तीय लगानी निवारणका कार्यहरुमा सहयोग पुऱ्याउन हस्ताक्षर भएको समझदारी पत्रको प्रतिलिपि २ थान यसैसाथ संलग्न राखी कार्यान्वयनका लागि पठाइएको व्यवहोरा अनुरोध छ ।

.......................
डा. राजेन्द्र के.सी.
उपमहानिर्देशक

**बोधार्थ**

श्री वन तथा वातावारण मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ — जानकारीको लागि अनुरोध छ ।

श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चौक, ललितपुर — जानकारीको लागि अनुरोध छ ।

**सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने राष्ट्रिय लक्ष्यमा सहयोग पुऱ्याउन त्यस्ता कसूरहरुको प्रभावकारी विश्लेषण तथा अनुसन्धानका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन विभागका बीचमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना बमोजिम गरिएको पारस्परिक समझदारी पत्र ।**

## समझदारी - पत्र

यस समझदारी-पत्रको प्रमुख उद्देश्य सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि पारस्परिक समन्वय गर्नु हो । यस वाहेक समझदारी पत्रका निम्न लिखित उद्देश्यहरु रहेका छन्

क. उद्देश्य

१. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि आपसमा प्रभावकारी समन्वय र सहकार्य गर्दै प्रचलित कानूनको परिधि भित्र रही सूचनाहरु आदान प्रदान गर्ने ।

२. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीका जोखिमका क्षेत्रहरु पहिल्याई सोको निवारणका लागि आफ्ना कर्मचारीहरुलाई सक्षम गराउदै आवश्यक्तानुसार परिचालन गर्ने ।

३. आ आफ्नो क्षेत्राधिकारका विषयहरु सुक्ष्म रुपमा अनुसन्धान तथा अन्वेषण गर्न एक अर्कालाई सहयोग पुऱ्याउने ।

४. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट स्रोत तथा साधनको व्यवस्था गरी परिचालन गर्ने ।

५. उपर्युक्त उद्देश्य पुरा गर्नका लागि आपसी समझदारीमा अन्य कार्यहरु गर्ने ।

**ख. सहकार्य**

उल्लेखित उद्देश्य प्राप्तिका लागि दुबै पक्षले निम्नानुसार सहकार्य गर्नेछन् ।

१. वन विभाग तथा मातहतको कार्यालयले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी सूचनाहरु आफ्नो काम कारवाहीका क्रममा जानकारीमा आएमा त्यस्ता सूचनाहरु सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई आफै वा अनुरोध भै आएमा यथाशिघ्र उपलब्ध गराउनेछ ।

२. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले वन विभागको कार्यक्षेत्र भित्र पर्ने विषय कार्य सम्पादनको सिलसिलामा जानकारीमा आएमा वन विभागमा पठाउनु पर्नेछ ।

३. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग तथा वन विभाग र मातहतको कार्यालयमा कार्यरत जनशक्तिहरुका लागि आवश्यकतानुसार अनुसन्धानात्मक, अभिमुखीकरण तथा पुनर्ताजगी तालिम, अन्तरक्रिया अनुभव

आदान-प्रदान तथा अन्य क्षमता विकास, अध्ययन, अवलोकन लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरहरुको अनुसन्धानका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले वन विभागका महानिर्देशकको परामर्शमा वन विभागमा कार्यरत कुनै अधिकृतलाई एकल वा संयुक्त अनुसन्धान गर्ने गरी तोक्न सक्नेछ । अनुसन्धानका क्रममा लाग्ने खर्चहरु नियमानुसार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उपलब्ध गराउनेछ

५. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधान प्रचलन एवं अभ्यासको बारेमा दुबै पक्षबाट सूचनाको आदान-प्रदान गरिनेछ ।

६. यस सम्झौतापत्रमा उल्लिखित उद्देश्य प्रासिका लागि दुबै विभागले १।१ जना सम्पर्क व्यक्ति (Focal Point) तोक्ने छन् साथै निजको अनुपस्थितिमा सहकार्य गर्न वैकल्पिक सम्पर्क अधिकृत तोक्ने छ ।

७. यो पारस्परिक समझदारी पत्र हस्ताक्षर भएको मिति बाट ५ वर्षका लागि मान्य हुनेछ र आवश्यकतानुसार आपसी समझदारीमा पुनः नवीकरण गर्न सकिनेछ ।

८. यो समझदारी पत्र दुबै पक्षबाट हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।

९. उपरोक्त कार्यमा भएगरेको प्रगतिवारे समय समयमा छलफल गरिने व्यवस्था मिलाई कुनै कुराका सन्दर्भमा द्विविधा पर्न गएमा आपसी छलफल र समन्वयबाट परिमार्जन गर्नु पर्ने भएमा सोको व्यवस्था मिलाइनेछ ।

१०.यस सम्झौतापत्रमा उल्लेख भएदेखि बाहेकमा अन्य कार्यहरु प्रचलित नेपाल कानून तथा दुबै पक्षको आपसी समझदारीमा मात्र गरिनेछ ।

११.नियमित र सहज रुपमा समन्वय तथा सहकार्यका लागि समितिको सचिवालय सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा रहने छ, साथै सोका लागि निम्न पदाधिकारीहरु रहने एक समन्वय समिति रहनेछ । समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

क. महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
ख. महानिर्देशक, वन विभाग
ग. सम्पर्क अधिकृत, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
घ. सम्पर्क अधिकृत, वन विभाग

जीवन प्रकाश सिटौला
महानिर्देशक
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

कृष्णप्रसाद आचार्य
महानिर्देशक
वन विभाग

इति सम्वत् २०७५ साल जेष्ठ महिना ११ गते रोज ६ शुभम